मिति २०७९ असार २३ गते बिहिबार (वि.सं. २०७९।३।२३) तुलसीपुर उपमहानगरपालिकाको १३५औं कार्यपालिका बैठका निर्णयहरु :

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम वडाबाट प्राप्त भएका,बिभिन्न महाशाखा/ शाखाबाट प्राप्त भएका र नगरस्तरीय योजनाहरु आगामी नगरसभामा स्वीकृतीका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

राष्ट्रपती शैशिक सुधार तथा विद्यालय भौतिक निर्माण कार्यक्रम अन्तरगतको विद्यालयहरुमा संझौता भई केहि विद्यालयमा भौतिक निर्माणको काम पुरा भईसकेको र केहि विद्यालयहरुमा संघीय सरकारको बजेट ढिला प्राप्त भएकोले पूर्णरुपमा काम सम्पन्न हुन बाँकी रहेकोले त्यस्ता विद्यालयहरुको रकम फिज नगरी हाल खाता रोक्का राखी कार्य सम्पन्न भई प्रतिवेदन आएपछि मात्र भुक्तानी दिने गरी विद्यालयको खातामा निकाशा दिने निर्णय गरियो

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिका भित्र सञ्चालन भएको तपसिल बमोजिमका विद्यालयहरुबाट थप कक्षा सञ्चालनको अनुमति माग भएकोले शिक्षा समितिको निर्णयबाट सिफारिस भई आएका तपसिलका विद्यालयहरुलाई थप कक्षा सञ्चालनको अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

भेटनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र,दाङ्ग र तुलसीपुर उपमहानगरपालिका वडा नं. १८ अक्कासीमा स्थापना भएको अक्कासी स्मार्ट कृषि गाउ कार्यक्रम कार्यान्वयन समिति बीच साझेदारी/सहकार्यमा आ.ब. २०७८/०७९ को स्वीकृत स्मार्ट कृषि गाउ कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी संझौता अनमोदन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ३ र ४ अन्तरगत राप्ती राजमार्गको करिव १० कि.मि. क्षेत्रमा रहेको तुलसीपुर खानेपानी उपभोक्तातथा सरसफाई संस्थाको मुलकोट, राम्री, चिसापानी, धैरेनी, बाखे, दगौरा, छरछरे साथै पहरे मुहानका साथै सो क्षेत्रमा रहेका सरकारी बन तथा सामुदायीक बनको समेत दोहन गर्ने गरी खानी तथा भुगर्भ बिभागबाट सुनगाभा माईनिङ्ग प्रा.लि. तथा चुनढुङ्गा उत्खनन् गर्न लागेको भनि तुलसीपुर खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको च.नं. १८६ मिति २०७९।३।१९ गते उक्त कार्य रोकिदिनका लागि लिखित रुपमा पत्राचार भएकोले उक्त क्षेत्रमा उत्खनन् गर्दा तुलसीपुरको उत्तरी भागमा रहेको क्षेत्रबाट बाढि पैरो आंउनुका साथै पानीका



टिकाराम खड्का
नगर प्रमुख

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

मिति २०७९ असार २३ गते बिहिबार (वि.सं. २०७९।३।२३) तुलसीपुर उपमहानगरपालिकाको १३५औं कार्यपालिका बैठका निर्णयहरु :

मुहानहरु पुरीने तथा नासिन गै तुलसीपुरमा खानेपानीको बिकराल समस्या पैदा हुने,बनबिनासको समेत ठूलो सम्भावना भएकोले उक्त प्रा.लि.लाई उत्खनन्को कार्य रोक्न/रोकाउन आवश्क पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तुलसीपुर उपमहानगरपालिकामा सञ्चालनमा रहेको सुरक्षित आप्रवासन(सामी) परियोजनामा १ जना रिटर्नी स्वयंसेवक र सहायकस्तर पांचौ तहको १ जना मनोसामाजिक परामर्शकर्ताको आवश्यक्ता भएकोले पदपुर्तिका लागि मिति २०७९।३।२१ गते उठान भएको टिप्पणीलाई सदर गरी पदपुर्तिका लागि तुलसीपुर उपमहानगरपालिकालाई अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिकाको ग्वारखोला,पातुखोला,भमकेखोला,हापुरखोला,संग्रामखोला,र बबई नदिको प्रारम्भिक वातावरणीय परिक्षण गरी मिति २०७८।१२।८को संझौता बमोजिम पेश भई आई.ई.ई. पुनरावलोकन समितिबाट समेत पुनरावलोकन भई सिफारिस भएका प्रतिवेदनहरु स्वीकृत गर्ने तथा तद्जिन्य पदार्थको ठेक्का/टेण्ठर गर्दा सम्बन्धीत वडाको वडा अध्यक्ष वा सदस्यको सिफारिसमा उल्लेख भएको क्षेत्रमा मात्र कुनै पनि संरचना नबिग्रने गरी ठेक्का/टेण्डर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र बिज्ञापन कर उठाउने सम्बन्धमा ठेक्का नं. ०४/०७७/०७८ बोलपत्र आव्हान भई जेन्सन कन्ट्रक्सन एण्ड सप्लायर्स संग मिति २०९९।८।१४ गते संझौता भई ठेक्का चलान भएको र शर्त बमोजिम आ.ब. २०७८।०७९ को ठेक्का नबिकरण नगरेकाले पटक पटक पत्राचार गर्दा पनि हाल सम्म नबिकरण गर्न नआएकोले मिति २०७८।३।१३ गतेको नगरकार्यपालिका बैठकको निर्णयानुसार ७ दिनको म्याद थप गरी संझौताको लागि सूचना दिने निर्णय भएको । तर उक्त फर्मले ठेक्का ब्यवस्थापनको मध्यअवधिमा बिज्ञापन कर दररेट संशोधन भएकोले कुल कबोल रकम पनि संशोधन गरी पाउ भनि यस कार्यालयमा मिति २०७८।३।२१ गते निवेदन दर्ता गराएको हुदा १० प्रतिशत बृद्धि भई यो वर्षको कबोल रकम निर्धारण हुने हुदा सो १० प्रतिशत बृद्धि नगरी आ.ब २०७७/०७८ कै संझौता नबिकरण गरिदिने निर्णय गरियो ।

टिकाराम खड्का
नगर प्रमुख

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

मिति २०७९ असार २३ गते बिहिबार (वि.सं. २०७९।३।२३) तुलसीपुर उपमहानगरपालिकाको १३५औं कार्यपालिका बैठका निर्णयहरु :

निर्णय नं. ९

तुलसीपुर उपमहानगरपालिकामा रहेका एम्बुलेन्सहरुको हालको यर्थाथ अवस्थाको विश्लेषण गरी प्रतिवेदन पेश गर्न तपसिलको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| श्री मान बहादुर रावत | संयोजक |
| श्री तुलसी थापा मगर | सदस्य |
| श्री मोहनलाल पौडेल | सदस्य |
| श्री बिष्णु कुमारी आचार्य | सदस्य |
| श्री ओम प्रकाश त्यौपाने | सदस्य सचिव |

# तुलसीपुर उपमहानगरपालिका

## शैक्षिक सत्र २०७९ मा थप कक्षा अनुमति प्राप्त विद्यालयको नाम

| क्र स | विद्यालयको नाम | वडा न | सञ्चालित कक्षा | माग गरेको कक्षा | विद्यालयको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आ वि कोठरी | १५ | ७ | ८ | सामुदायिक | |
| २ | आ वि रानागाउँ | ३ | ७ | ८ | सामुदायिक | |
| ३ | लोकपृय बालविकास एकाडेमी | १५ | ७ | ८ | सस्थागत | |
| ४ | न्यू मिनि भ्याली इ बो | १३ | ५ | ६ | सस्थागत | |
| ५ | प्रगन्ना पब्लिक एकाडेमी | १४ | १ | २ | सस्थागत | |
| ६ | साधना पाठशाला | ९ | ९ | १० | सस्थागत | |
| ७ | जीवन ज्योती इ बो | ८ | ८ | ९ | सस्थागत | |
| ८ | तुलसीपुर एकाडेमी | ७ | ७ | ८ | सस्थागत | |
| ९ | आइडियल इङलिस सेकेन्डरी स्कुल | ६ | १० | ११ | सस्थागत | |
| १० | सृजना बालबाटिका बोर्डिङ स्कुल | १८ | ११ | १२ | सस्थागत | |
| ११ | अमृत एकेडमी | १९ | १० | ११ | सस्थागत | |
| १२ | हाम्रो पहुँच सेकेन्डरी स्कुल | ७ | १० | ११ | सस्थागत | |

टिकाराम खड्का
नगर प्रमुख

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर
लुम्बिनी प्रदेश